# नेपाल एग्रो माइक्रोफाइनान्सको सूची दर्ता गर्ने बारे सूचना

आगामी आ.व. २०७५/७६ मा यस नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड (वित्तीय संस्था) लाई देहायका बस्तु तथा सेवाहरु आपूर्ति गर्नको लागि उक्त बस्तु/सेवाको कारोवार गर्न स्वीकृत प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म तथा कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले आफुले आपूर्ति गर्ने बस्तु/सेवाहरुको विवरण, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर विभागको प्रमाणपत्र (नविकरण समेत), कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहितको सूची दर्ताको निवेदन संलग्न गरी २०७५/०३/२० गते भित्र कार्यालय समयमा वित्तीय संस्थाको पोखरा लेखनाथ महानगरपालिका वडा नं. १८, विन्ध्यवासिनी स्थित केन्द्रीय कार्यालयमा दर्ता गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) कम्प्युटर तथा अन्य अफिस उपकरण र फर्निचरहरु : Laptops, UPS, Desktops, Printers, Scanners, Fax and other office equipment's, cheque wrlter, कुर्ची, टेवल, बेञ्च नोटिसबोर्ड, कार्पेट, पर्दा लगायतका स्थिर सम्पत्तिहरु र सम्बन्धित सामानहरु ।

(ख) स्टेशनरी : जनरल स्टेसनरी सामान, स्टेशनरी छपाई, फोटोकपी, प्रिन्टर आदिमा लाग्ने मसी, रिवन, कार्टेज, Printed स्टेसनरीहरु, कलम, कापी, पत्रपत्रिका, फाइल, भिजिटिङ कार्ड लगायतका स्टेसनरी सामानहरु ।

(ग) मर्मत सम्भार : माथि (क) बमोजिमका अफिस उपकरण तथा फर्निचरहरु, सर्भर, सवारी साधन तथा सिभिल मर्मत लगायतका मर्मत सम्भार कार्यहरु ।

(घ) अन्य सेवाहरु : इन्टरनेट, कुरीयर सेवा, कार्यालय सरसफाइ कार्य, पिउने पानी, विज्ञापन एजेन्सी, विमा सम्बन्धी सेवा, पोष्टर, पम्प्लेट, इन्धन, साइनबोर्ड, भाडाकुडा लगायतका अन्य सेवाहरु ।

**उक्त निवेदन सम्बन्धी शर्त तथा बन्देजहरु :**

१. माथि उल्लेखित बस्तु/सेवाको आपूर्ति गर्ने सूची दर्ताको निवेदन मिति २०७५/०३/२० गतेको कार्यालय समय सम्म निवेदन पेश गरी सक्नु पर्नेछ ।

२. सूची दर्ताको निवेदन दिने निवेदक फर्म/कम्पनी सम्बन्धित बस्तु/सेवाको आपूर्ति गरेको कम्तीमा ३ (तीन) वर्षको कार्यानुभवका साथै कम्तीमा ३ वटा बैंक/संस्थामा सामान सेवा आपूर्ति गरेको हुनु पर्नेछ ।

३. सूची दर्ताको निवेदन साथ फर्म कम्पनीको प्रोफाइल समेत पेश गर्नुपर्नेछ ।

४. सूचीकृत हुन निवेदन दिनेहरु मध्येबाट उपयुक्त ठहरिएको विक्रेता फर्म कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ ।

५. सो निवेदन पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको लगत्तै पछि खुलेको दिन पेश गर्न सकिनेछ । साथै, म्याद नागी, रित नपुगी आएको तथा शर्त राखी दिएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

६. सूचीकृत भएका विक्रेता फर्म वा कम्पनीबाट वित्तीय संस्थाको आवश्यकता अनुसारको बस्तु/सेवा प्राप्त गर्न सो काममा कोटेशन थपघट वा बोलकवोलबाट भाग लिनु पर्नेछ ।

७. सूचीकृत भएका फर्म/कम्पनीले सन्तोषजनक सेवा नदिएमा/समयमा गुणस्तरीय सामानको आपूर्ति नगरेमा/ढिला सुस्ती/अटेर गरेमा त्यस्ता फर्म/कम्पनीको नाम विना पुर्व सूचना सूचीबाट हटाउने/रद्द गर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ ।

८. कुनै कारण खोली/नखोली कुनै निवेदनलाई सूचीकृत गर्ने/नगर्ने यो सूचना बमोजिमको काम कारवाही रद्द गर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ ।

९. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको सामान्य सेवा विभागबाट प्राप्त गर्न सकिनेछ ।

१०. उक्त निवेदन स्वीकृत भएका सम्बन्धित फर्म कम्पनीहरुलाई मात्र पत्रद्वारा जानकारी गराइनेछ ।

**नेपाल एग्रो**
**माइक्रोफाइनान्स वित्तीय संस्था लि.**
**Nepal Agro Microfinance Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय :
पोखरा लेखनाथ-१८, विन्ध्यवासिनी
फोन : ०६१-४१२४४५, ४१२४४६
इमेल : info@nepalagro.com.np
वेबसाइट : www.nepalagro.com.np